# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ बमोजिम प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गरेको वार्षिक प्रतिवेदन

## आ.व. २०७५/०७६

जिल्ला विपद् व्यवस्थापन समिति

**रौतहट**

२०७६

# विषयसूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| १ | जिल्लाको सामान्य परिचय | १ |
| १.१ | क्षेत्रको विभाजन | १ |
| १.२ | भौगोलिक स्थिति | १ |
| १.३ | सीमाना | २ |
| १.४ | जनसंख्या | २ |
| १.५ | धर्म | २ |
| १.६ | महत्वपूर्ण धार्मिक स्थल | २ |
| २ | यस जिल्लामा हुने विपद्का घटनाहरु | २ |
| २.१ | २०७५ श्रावण मसान्तदेखि २०७६ असाढ महिनासम्म विपद्को घटनाबाट भएको क्षतिको विवरण | ३ |
| ३ | आगलगी | ३ |
| ३.१ | आगलगीको मुख्य कारणहरु | ३ |
| ४ | शीतलहर | ३ |
| ५ | बाढी | ४ |
| ५.१ | ऐतिहासिक पृष्ठभूमी | ४ |
| ५.२ | आन्तरिक कारण | ४ |
| ५.३ | बाह्य कारण | ५ |
| ५.४ | २०७६ असाढ २७ र २८ गते आएको बाढीबाट भएको क्षतिको विवरण | ६ |
| ५.४.१ | मानवीय क्षति | ६ |
| ५.४.२ | घर क्षति तथा विस्थापित | ७ |
| ५.४.३ | चौपाय क्षति | ८ |
| ५.४.४ | कृषि क्षेत्रमा भएको क्षति | ८ |
| ५.४.५ | नदिका बाँध क्षति तथा मर्मत | ८ |
| ५.४.६ | अवरुद्ध बाटोको विवरण | ९ |
| ५.६.७ | यस जिल्ला स्थित उद्योग व्यवसायमा भएको क्षतिको विवरण | १४ |
| ६ | नेपाल सरकार, प्रदेश सरकार तथा अन्य संघ/संस्थाहरुबाट प्राप्त राहत रकम तथा राहत सामाग्री वितरण गरिएको विवरण | १४ |
| ७ | २०७५ श्रावण मसान्तदेखि २०७६ असाढ महिनासम्म विपद्को घटनाबाट क्षति भएकोलाई वितरण गरिएको राहतको विवरण | १४ |
| ७.१ | बाढीबाट क्षति भएकाहरुलाई सरकारी, गैर सरकारी संस्थाहरुबाट वितरण भएको राहतको रकम विवरण | १५ |
| ७.२ | स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राप्त प्रतिवेदन अनुसार भएको राहत कार्य सम्बन्धीको विवरण | १६ |
| ७.३ | बाढीको समयमा सहयोग गर्ने सहयोगी संस्थाहरुको नामावली | १७ |
| ७.४ | खोज तथा उद्दार, राहत वितरणमा परिचालित सुरक्षा कर्मचारीको विवरण | १७ |
| ८ | उद्धार सामग्रीको विवरण | १८ |
| ८.१ | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र (DEOC) मा रहेको उद्धार सामग्री | १८ |
| ८.२ | नेपाली सेनासंग रहेको उद्धार सामग्री | १८ |
| ८.३ | सशस्त्र प्रहरी बल नेपाल ११ नं. गण रौतहटसंग रहेको उद्धार सामग्री | २० |
| ८.४ | नेपाल प्रहरी रौतहटसंग रहेको उद्धार सामग्री | २१ |
| ८.५ | नेपाल रेडक्रस सोसाईटीसंग रहेको उद्धार सामग्री | २२ |
| ८.६ | यस जिल्लामा रहेको डुंगा तथा वारुणयन्त्रको विवरण | २२ |
| ९ | विपद् व्यवस्थापन समिति रौतहटको कोषमा (आ.व. ०७५/०७६ सम्म) रहेको रकम | २२ |
| १० | जिल्लाबाट गरिएका प्रयासहरु | २३ |
| ११ | बाढी लगायतका विपद्का समस्या समाधानको लागि सुझाव | २३ |
| १२ | फोटोहरु | |

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रौतहट, गौर

फोन नं. ०५५-५२०३६९
फ्याक्स ०५५-५२००३३

पत्र संख्या : ०७६/०७७
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति

मिति :२०७६।०८।१०

**विषय : मन्तव्य ।**

कुनै पनि स्थानमा आपतकालिन अवस्था सिर्जना भई धन वा जनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने र स्थानीय उपलब्ध श्रोत साधनबाट पार पाउन मुस्किल पर्ने प्राकृतिक र गैरप्राकृतिक अवस्था विपद् हो। विपद्का घटनाहरु मानवीय एवं प्राकृतिक कारणले सिर्जना हुने भएपनि सजग र सतर्क भई पूर्वतयारी गरेमा क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ। विकासका कार्यहरु गर्दा स्थानीय सहभागितामा वातावरण मैत्री भई भूगोल र प्रकृति अनुसारको कार्यहरु गरेमा प्रकृति र वातावरणको क्षति कम हुन सक्छ। मानव सिर्जित प्रकोपहरुबाट बच्न पूर्व चेतना प्रणालीको विकास र संचालनका साथै आधुनिक प्रविधिहरु समेत प्रयोग गर्ने जनशक्ति निर्माण गर्ने र विपद्को समयमा उक्त क्षमतायुक्त जनशक्ति परिचालित गरी उद्दार, राहत र पुन:स्थापना कार्य गरेमा नागरिकलाई सरकारको अनुभूति गराउन सकिन्छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार विपद् स्थापनमा विभिन्न तहहरु रहेको र उक्त तहहरुको जिम्मेवारीमा स्पष्टताको अभाव भएकोले स्थानीय तह केन्द्रमुखी रहेको देखिन्छ। स्थानीय तहहरुले विपद् जोखिम स्थानहरुको पहिचान गरी नक्सांकन गर्ने, तथ्यांकहरु संकलन गर्ने, सचेतना प्रवर्धन गर्ने, तत्काल उद्दार गर्ने, विपद् व्यवस्थापन कोष खडा गर्ने, राहत मापदण्ड तयार गरी लागू गर्ने जस्ता कामहरु गरेमा नागरिकलाई स्थानीय सरकारको अनुभूति हुनेछ।

यस वर्ष २०७६ असार २७ र २८ गतेको बाढी आउनु पूर्व नै विपद् पूर्व तयारी र बाढी पश्चात विपद् व्यवस्थापनमा मार्गदर्शन गर्नेहुने श्रीमान् सचिवज्यू, सह-सचिवज्यूहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। बाढी पश्चात महिला, बालबालिका तथा जेष्ठ नागरिक मा. मन्त्रीज्यूबाट उपलब्ध नगद सहयोग तथा प्रदेश सरकारको तर्फबाट नगद उपलब्ध गराई राहत वितरणमा समेत सहभागी हुनुभएकोमा प्रदेश मुख्यमंत्रीज्यू र आन्तरिक मामिला तथा कानून मन्त्रीज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। तत्काल उद्दार गर्न खटिने सुरक्षाकर्मीहरु, स्थानीय नगरवासीहरु, सरकारी/गैरसरकारी संघसंस्थाहरु, विपद्को समयमा तत्काल बैठकमा सहभागी भई सहयोग गर्ने सुरक्षा निकायका प्रमुखहरु, गौर नगरपालिकाका प्रमुखज्यू लगायतका प्रमुखज्यूहरु र बाढीको समयमा खटिने सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु। साथै बाढीको कारण मृत्यु भएका मृतकका परिवारहरु प्रति हार्दिक संवेदना व्यक्त गर्न चाहन्छु।

अगामी दिनहरुमा विपद् व्यवस्थापनमा अझ बढी सबैको सहयोगको अपेक्षा गर्दछु। धन्यवाद्।

------------------------
किरण थापा
प्रमुख जिल्ला अधिकारी
तथा
जिल्ला विपद् व्यवस्थापन समिति
अध्यक्ष

## जिल्लाको सामान्य परिचय

प्रदेश नम्बर २ अन्तर्गत पर्ने ८ वटा जिल्ला मध्ये रौतहट एक हो । यो जिल्लाको नाम "राउत" र "हट" भन्ने शब्द मिलेर बनेको हो भन्ने भनाई रहेको छ । जसको अर्थ राउत भन्नाले खास गरी यादव जातिको थरलाई बुझाउछ र हट शब्दको अर्थ बजार, बसोबास, बस्ती, स्थान भन्ने बुझाउछ । तसर्थ रौतहट शब्दको अर्थ यादवहरुको बस्ती भएको ठाउँ भन्ने बुझिन्छ ।

नेपाल-भारत अंग्रेज युद्धको समयमा इष्ट इण्डिया कम्पनीले नेपाललाइ आक्रमण गर्ने क्रममा वि.सं. १८७१ मंसिर ११ गते रौतहट जिल्लाको वडहर्वामा आक्रमण गरि सरदार परशुराम थापा सहित १५० जना शहिद भएको र अंग्रेजहरुले रौतहट जिल्लाको समनपुर इलाकामा तैनाथ रहेको थियो । समनपुर इलाकाको स्थानीयहरु तत्कालीन नेपाली सेनाको सहकार्यमा सन् १८१५ जनवरी १ गते आक्रमण गरी शानदार विजय प्राप्त गरी लडैया समनपुरको नाममा अहिले पनि परिचित रहेको छ ।

यो जिल्ला विभिन्न प्रकोपबाट अति प्रभावित हुने जिल्ला मध्येको एक हो । यहाँ मुख्य रुपमा बाढी, शीतलहर, आगलागी, हावाहुरी तथा असिनाको प्रकोपबाट प्रभावित हुदै आएको र विगत २०६५, २०७४ र २०७५ सालमा समेत अति नै प्रभावित भएको देखिन्छ। प्रत्येक वर्ष जाडो याममा हुने शीतलहरबाट अति विपन्न तथा दलित गरीब बस्तीका विभिन्न उमेर समूहका व्यक्ति, बालबालिका तथा खेतीपाति समेत प्रभावित हुने गरेको छ । उपरोक्त प्रकोपहरुबाट मानवीय क्षतिका साथै खेतीपाति, उद्योग-धन्दा, व्यापार तथा भौतिक संरचना समेत प्रभावित भई ठूलो क्षति हुने गरेको छ ।साथै यहाँ अति विपन्न बस्ने घना वस्ती र कच्ची घरको कारण आगलागीबाट समेत जिउधनको ठूलो क्षति हुने गरेको छ ।

### १.१ क्षेत्र विभाजन :-

यस जिल्लामा प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र ४ वटा र प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र ८ वटा रहेका छन् भने हाल १६ वटा नगरपालिका र २ वटा गाउँपालिका रहेका छन ।

### १.२ भौगोलिक स्थिति

- क्षेत्रफल - ११२६ वर्ग किलोमिटर
- अक्षांश - २६$^{0}$ ४४' देखी २७$^{0}$ १४' उत्तरी अक्षांश
- देशान्तर -८५$^{0}$ १४' देखी ८५$^{0}$ ३०' पूर्वी देशान्तर
- उचाई - समुद्र सतहबाट ५२२ मिटर
- पूर्व पश्चिम लोकमार्ग - २६ कि.मि.
- सीमा दूरी - ३२ कि.मि.

१.३ <u>सीमानाः-</u>

- पूर्व - सर्लाही जिल्ला
- पश्चिम - बारा जिल्ला
- उत्तर - मकवानपुर जिल्ला र सिन्धुली जिल्ला
- दक्षिण - भारतको बिहार राज्यको सीतामढी र पूर्वी चम्मारण जिल्ला

१.४ <u>जनसंख्याः-</u>

२०६८ सालको जनगणना अनुसार कुल जनसंख्या - ६,८६,७२२ (महिला – ३३५६४३ र पुरुष ३५५१७९)

१.५ <u>धर्मः-</u>

हिन्दू - ७७%, मुस्लिम -२०%, बौद्ध - २% र अन्य -१%

**१.६ महत्वपूर्ण धार्मिक स्थलः** राजदेवी मन्दिर, शिवनगर मन्दिर र पौराई ब्रहमस्थान

**सिमा क्षेत्रका नाकाहरुः-** ब्रम्हपुरी, लक्ष्मीपुर वेलबिछवा, गौर न.पा., बन्जरहा, औरैया, मठिया, जोकहा, रामपुरखाप, नरकटिया, सरमुजवा गरी जम्मा (१०) नाका रहेका छन ।

<u>पूर्व-पश्चिम बोर्डरको लम्बाईः- ३२ कि.मि.</u>

## २. यस जिल्लामा हुने विपद्का घट्नाहरु :

- बाढी
- आगलगी
- शीतलहर
- डुंगा दुर्घटना
- असिना, हावाहुरी र
- चट्यांग

## २.१ २०७५ श्रावण मसान्तदेखि २०७६ अषाढ महिनासम्म विपद्को घटनावाट भएको क्षतिको विवरण

| सि.नं. | बिबरण | मानिस | | | | | | | | | चौपाया | | घर | | गोठ | सार्वजनीक क्षति | पिडित परिवार संख्या | कुल क्षति अं. रु. | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मृत्यु | | | घाईते | | | बेपत्ता | | | | | | | | | | | |
| | | म. | पु. | बा. | म. | पु. | बा. | म. | पु. | बा. | मृत्यु | घाईते | पक्की | कच्ची | | | | | |
| १ | आगलागी | १ | ० | ० | १ | २ | ० | ० | ० | ० | ३८ | १६ | ४ | ७६ | २९ | २ | १११ | ६१,१७०,५०० | |
| २ | बाढी | २ | ६ | ८ | १ | १ | ३ | १ | ० | १ | २६३ | ० | ० | ४४५९ | २४० | ४० | ४७६२ | ४५५७५५०० | |
| ३ | पहिरो | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ४ | हावाहुरी | १ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | २९* | ३०१ | ११३ | १० | ४५३ | १,८८,४३,००० | |
| ५ | चट्याङ | ० | १ | ० | ० | ३ | ० | ० | ० | ० | ६ | ४ | ० | ० | ० | ० | ४ | ८०,००० | |
| ६ | करेन्ट लागी | ० | ४ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ | ० | |
| ७ | जानवर आक्रमण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ८ | शितलहर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ९ | डुबी,बगाई | ५ | ७ | ७ | १ | २ | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २५ | ० | |
| १० | भुकम्प | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ११ | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| जम्मा | | ९ | १८ | १७ | ३ | १२ | ५ | २ | ० | १ | ३०७ | २० | ३३ | ४८३६ | ३८२ | ५२ | ५३६१ | १२५,६६९,००० | |

*देवाल पक्की र छानो जस्ता, टाली र खपडा भएको

**स्रोत : जिल्ला प्रहरी कार्यालय, रौतहट**

# ३. आगलगी

यहाँ आगलागीबाट पनि धेरै क्षति हुने गरेको र प्राय: गोठहरुमा लामखुट्टे धपाउनको लागि बालिएको आगोबाट आगलागी हुने गरेको छ। आगलागी पीडितहरुलाई यस कार्यालयवाट काठको सिफारिस तथा क्षति अनुसार राहत रकम पनि वितरण गर्ने गरिएको छ।

## ३.१ आगलगीको मुख्य कारणहरु

१. गर्मीयाममा तीव्र गतिमा हावा चल्ने

२. जनचेतनाको कमी र

३. खाना पकाउन दाउराको प्रयोगमा भएको असावधानी

## ४. शीतलहर

यहाँ गरीबीको कारण फुस तथा कच्ची घर र ओड्ने ओछ्याउने कुराको अभाव हुने दलित तथा विपन्नको कारण चिसो याममा शीतलरहरवाट पनि मान्छेको ज्यान जाने गरेकोले छ। नेपाल सरकारवाट प्राप्त

राहतवाट विपन्नहरुलाई दाउरा र कम्बल खरिद गरी वितरण गर्ने गरिएको छ। समय समयमा शितलहरवाट बच्नको लागि जनचेतना मुलक कार्यक्रमहरु गर्ने गरेको साथै एफ.एम.हरुबाट प्रचार प्रसार गर्ने गरिएको छ।

# ५. बाढी

## ५.१ ऐतिहासिक पृष्ठभूमी :-

रौतहट बाढीबाट अति प्रभावित हुने जिल्ला र प्रदेश नं. २ को ८ जिल्ला मध्ये सबै भन्दा बढी बाढीबाट प्रभावित जिल्ला हो । जिल्लाको पूर्वी र पश्चिमी सिमानामा रहेको दुईवटा ठूला बागमती र लाल बकैया नदीमा २०४८ सालपछि विभिन्न चरणमा दुईतर्फी तटबन्धको निर्माण कार्य सम्मपन्न भएको छ। वर्षातको समयमा आउने बाढीबाट विगतमा २०५०, २०५९ र २०७४ सालको बाढीबाट सदरमुकाम गौर लगायत अधिकांश भू-भाग जलमग्न भई धनजनको व्यापक क्षति भएको देखिन्छ । बागमती र लालबकैयामा तटबन्ध निर्माण हुनु पूर्व वर्षातको पानी प्राकृतिक रुपमा वग्न कुनै रोकावट नभएको तर यी दुवै नदीमा तटबन्ध निर्माणपछि पानीको प्राकृतिक वहाव अवरुद्ध भई गौर सदरमुकाम र छेउछाउमा डुवान हुने र अवैज्ञानिक सुलिस गेट र भारतद्वारा सिमा छेउमा निर्मित तटबन्धको कारण पानीको प्राकृतिक वहाव थप रोकिएकोले सदरमुकाम लगायतका छेउछाउका क्षेत्र जलमग्न भई अत्यधिक डुवान भई जनजीवन नै प्रभावित हुने गरेको छ ।

## ५.२ आन्तरिक कारणः-

- अविरल वर्षा ।
- तटबन्धको कमजोर संरचना ।
- लाल बकैया नदीमा दुबै तटबन्धसंग पुललाई जोड्न बनाइएको लिंक सडक नदीको प्राकृतिक बहावमा बाढीको समयमा अवरोध सिर्जना गरी बाढीको जोखिम निम्त्याउने गरेको।
- पानीको सही निकासको लागी पुल पुलेशा जस्ता संरचना नबनाई नयाँ सडकहरुको निर्माण ।
- लालबकैया नदीको पूर्वी तटबन्ध र बागमती नदीको पश्चिमि तटबन्धको सदरमुकाम भन्दा करीब ३० किमि उत्तरमा दुबै तटबन्धको बीचको दुरी १८/२० किमि छ भने ती दुई बाँधको बीचको दुरी क्रमिक रुपमा नदीको स्थान र आकारको कारण दक्षिणतर्फ घटदै घटदै आउदा सदरमुकाम गौर भन्दा ५ किमि उत्तर देखी दुबै बाँधको बीचको अधिकतम दुरी ५/५.५ किमि छ जसले बाढीको पानीको लागि सदरमुकाम गौर बोतलनेक भएको । त्यस कारण १८/२० किमि चौडाईमा बहेको पानी जब ५ किमि चौडाईबाट पास गर्छ भने पानीको उचाई सतह बढनु स्वभाविक हो ।
- **फतुवा महेशपुरको पुल** :- लाल बकैया नदीमा राजपुर नपा २ मा फतुवा महेशपुरमा २०४० साल भन्दा पहिला बनाइएको पुलको लम्बाई बढीमा १००/१०५ मीटर रहेको, जुन लालबकैया नदीमा ठूलो बाढी आएको समयमा पानी पास हुनको लागि धेरै सानो हुन्छ र त्यसले पुल भन्दा उत्तरपट्टी पानीको सतह बढाउनुको साथै लालबकैया नदीमा रहेको दुईतर्फि तटबन्धमा प्रेसर सृजना गर्छन त्यस कारण राजपुर नपा आसपासको लालबकैया नदीको पश्चिमि तटबन्ध भत्काउनुको साथै बम नहरको बाटोलाई समेत क्षतविक्षत बनाउदै आएको छ ।

- **फतुवा पुल देखी दक्षिणतर्फ रहेको लाल बकैया नदीको पश्चिमि तटबन्ध** :- लाल बकैया नदीमा रहेको दुईवटा तटबन्धको बीचको सामान्यताः दूरी ३५० मी. देखी ५०० मीटर सम्म छ । फतुवा पुल भन्दा दक्षिण तर्फ करीब १०० मीटरको दूरीमा दुई वटा तटबन्धको दूरी बढीमा १५० मीटर देखि २०० मीटरको दूरीमा छ ।यस कारण समेत बाढीको समयमा पानीको सतह धेरै माथि हुने गरेको कारण तटबन्धमा दबाव सिर्जना गरेको कारण तटबन्ध फुट्न जान्छ । उदाहरणको लागि राजपुर न.पा. ९ बैरिया नजिक फुटेको पश्चिमि तटबन्ध र गौर न.पा. २ नजिक दशगजामा फुटेको पुर्वी तटबन्ध ।
- **झाँझ नदीमा तटबन्ध** :- झाँझ नदीमा गौर-चन्द्रनिगाहपुर सडक खण्डको गरुडा नपामा पर्ने झाँझ पुल देखि बागमती नदीसम्म दुईतर्फी तटबन्ध नरहेको ।
- **चुरेको दोहन**:- विगतमा जिल्ला विकास समिति र हाल स्थानीय तहले आन्तरिक आय श्रोतको लागि यस जिल्लामा र नदीको उदग्म स्थल मकवानपुर र बारा जिल्लाको चुरेक्षेत्रबाट समेत बालुवा, गिट्टी र ढुङ्गाको ठेक्का लाग्ने गरेको । त्यसकारण ती क्षेत्रमा, महाभारत क्षेत्रबाट बगेर आउने गेग्रयान चुरेक्षेत्रमा नबसेर तल्लो क्षेत्र सम्म समेत आउने गरेको कारण नदीको सहत बढदै गईरहेकोले थोरै बाढी आएको बेला समेत नदीमा पानीको बहाव वस्ती क्षेत्रको सतहभन्दा माथि हुने गरेको कारण बाढीको संभावना रहिरहन्छ ।
- पानी निकासको लागि लालबकैया र बागमती नदीमा वैज्ञानिक sluice gate को अभाव ।
- नदी नियन्त्रण आयोजनाको कार्यालय यस जिल्लामा नरहेको कारणले समयमै बाँध मर्मत हुन नसकेको ।
- साँघुरो पुल, निर्माणमा ढिलाई गर्ने,
- नदी अतिक्रमण, जोखिमयुक्त स्थानमा बस्ति हुनु (नदीको किनारमा, बाँधमा)
- समय-समयमा नदीका बाँधहरु मर्मत नगर्नु,
- गरिवीको कारण कमसल कच्ची घर निर्माण

## ५.३ बाह्रय कारण

- **भारतीय बाँध**:- भारत सरकारले २०३४ सालतिर लालबकैया र बागमती नदीको बाढीबाट सितामढी जिल्लाको बैरगनिया आसपासको वस्तीलाई जोगाउन करीब २७ किमि लामो रिंग बाँधको निर्माण गरेको छ । जुन रिंग बाँधको करीब ६.५ किमि देखि ७ किमि सम्म उत्तरी भाग अर्ध चन्द्रआकारमा सदरमुकाम गौरतिर छ जसको करीब ३.५ किमि/४ किमि लम्बाईको बाँधको दूरी दशगजादेखि २०/५० मीटरको दूरीमा छ । त्यसैगरी २०३४ सालतिर लाल बकैयाको बाढीबाट जोगाउन भारत बिहारको पूर्वी चम्पारण जिल्लाको केही गाउँ जोगाउनको लागि भारतीय रेलवे लाईनदेखि बन्जरहा ( हाल ईशनाथ नपा वडा नम्बर १) सम्म करीब ३ देखि/३.५ किलोमिटर लामो बाँध बनाएको । उक्त बाँधको दूरी दशगजा बाट १० मी देखि ५० मीटरसम्म रहेको छ । त्यसैगरी करीब २०६६/०६७ सालतिर बन्जरहा देखि औरैयासम्म करीब ५० मीटर थप नयाँ बाँध भारतले बनाएको छ जसको दूरी दशगजाबाट ० मीटरदेखि १० मीटरसम्म छ । ईशनाथ नपाको वडा नम्बर २ ३ र ४ डुबानमा पर्नुको प्रमुख कारण

भारतद्वारा भारतको बिहार राज्यको पूर्वी चम्पारण जिल्लाको गुवावारी ग्राम पंचायतदेखि तेलहरा पंचायतको हिरापुरको गाई भैसीको मेला लाग्ने फुलबारीसम्म बनाइएको भारतीय बाँध नै हो ।

- आषाढ २७ र २८ गतेको बाढी पश्चात भारतीय बाँध निरीक्षणको क्रममा भारतीय बाँधमा रहेका ५ वटा Sluice Gate मध्ये गौर भंसारबाट बैरगनिया जाने बाटोको पूर्व पटिको ३ वटा मध्ये २ वटा Sluice Gate खोलेको थियो र त्यसबाट गौरको पानी भारत तर्फ बगेको र अन्य १ वटा Sluice Gate भारततर्फ रहेको बस्ती डुबानमा पर्ने खतराको कारण नखोलेको देखिएको ।
- त्यसैगरी गौर भंसारबाट बैरगनिया जाने बाटोको पश्चिम पटीको भारतीय बाँधको भागमा २ वटा Sluice Gate रहेकोमा ती दुईवटै sluice gate बन्द रहेकोमा एउटा sluice gate बाट बैरगनियाको अशोगी टोल नजिक जम्मा भएको वर्षाको पानी sluice gate को ढोकाको माथिबाट बाँध बाहिर पट्टि भारतमै निस्किने गरेको र अर्को Sluice Gate बाट पानी स्थिर अवस्थामा रहेको थियो र sluice gate पनि बन्द रहेको थियो।
- मिति २०७६।०३।२८ गते बाढीले अधिकांश भाग डुवान पर्नुको मुख्य कारण दशगजा नजिकै निर्मित भारतीय बाँधको कारण पानी निकास नहुनु र बागमती तथा लाल बकैया नदीको तटबन्ध कटान हुनु हो ।
- साथै भारतीय बाधको पूर्व तर्फ (गौर न.पा.-१) र (राजदेवी न.पा. ८ को दक्षिणमा पर्ने) विभिन्न स्थानमा बाढीको ओभर फ्लोबाट बच्नका लागि भारतीय पक्षले असार २७,२८ गतेदेखि सरदर ४ वटा बोरामा माटो भरी राखेको र कुनै कुनै स्थानमा ९ वटा सम्म बोरा राखेको । उनीहरुले खतरा महसुश गरेको स्थानमा बोरामा माटो राख्ने क्रम जारी रहेको पाईएको ।

## ५.४ २०७६ अषाढ २८ गते आएको बाढीवाट भएको क्षतिको विवरण :

### <u>५.४.१ मानवीय क्षति</u>

| विवरण | मृत्यु | वेपत्ता |
|---|---|---|
| वालवालिका | ११ | १ |
| पुरुष | ६ | - |
| महिला | ३ | १ |
| जम्मा | २० | २ |

## ५.४.२ घर क्षति तथा विस्थापित

| सि.नं. | स्थानिय निकायको नाम | पूर्ण √ | आंशिक √√ | विस्थापित परिवार * | विस्थापित संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गौर नगरपालिका | ३०५ | १५०१ | ७९० | ३९४९ | |
| २ | राजदेवी नगरपालिका | १३३ | ८१९ | ४१७ | २०८५ | |
| ३ | माधवनारायण नगरपालिका | ५०६ | १९८१ | २१५ | १०७५ | |
| ४ | देवाही गोनाही नगरपालिका | ५८ | २२५ | १०४ | ५२० | |
| ५ | चन्द्रपुर नगरपालिका | २३ | ५० | २० | १०३ | |
| ६ | गरुडा नगरपालिका | ८२ | १५२९ | १३१ | ६५६ | |
| ७ | गढिमाई नगरपालिका | ५९९ | १९२० | ६२६ | ३१३४ | |
| ८ | वृन्दावन नगरपालिका | १३९ | ३८७ | ९५ | ४७९ | |
| ९ | गुजरा नगरपालिका | ४३ | ६५ | ५१ | १५६ | |
| १० | फतुवा बिजयपुर नगरपालिका | ५३ | ३४८ | ५७ | २८५ | |
| ११ | कटहरिया नगरपालिका | १५३ | ५४१ | ७४ | ४८२ | |
| १२ | मौलापुर नगरपालिका | १३३ | ८१९ | १४ | ७० | |
| १३ | बौधिमाई नगरपालिका | ५८ | १०९ | ८१ | ७०८ | |
| १४ | ईशनाथ नगरपालिका | ४१८ | ९५८ | ६३० | ३१५० | |
| १५ | राजपुर नगरपालिका | ४१५ | १७१० | ४४८ | २४६४ | |
| १६ | परोहा नगरपालिका | १७७ | ५१२ | २३३ | ११६५ | |
| १७ | दुर्गाभगवति गाउँपालिका | ७४८ | १३८३ | ९३५ | ४६७५ | |
| १८ | यमुनामाई गाउँपालिका | १८२ | ८२६ | ६४ | ३२० | |
| | जम्मा | ४४५९ | १६३३५ | ४९८५ | २५०६४ | |

√ विशेष मर्मत गरी बस्नु हुने

√√ सामान्य मर्मत गरेर बस्नु हुने

* ४९८५ जना विस्थापित भएकोमा प्रहरीवाट अनुगमन गर्दा १२९ जना विस्थापित भएको पाइएको

### ५.४.३ चौपाया क्षति

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | ठूलो चौपाया (गाई,भैसी,गोरु) | १३२ | |
| २ | बाख्रा | २२९ | |
| ३ | माछा पोखरी | ४०० हेक्टर | |
| ४ | कुखुरा | ५४९९६ | |
| ५ | हाँस | २२० | |

### ५.४.४ कृषि क्षेत्रमा भएको क्षति

| सि.नं. | विवरण | क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|
| १ | धानवाली | | |
| | रोपाई भैसकेको धान खेत | १४५०० | |
| | धान बेर्ना | १८० | |
| | चैते धान | ३१० | |
| २ | मकै बालि | ४५ | |
| ३ | तरकारी बाली | २३०० | |
| ४ | फलफुल बाली | २३० | |

### ५.४.५ नदिका बाँध क्षति तथा मर्मत

| सि.नं. | नदीको नाम | पूर्ण रुपमा भत्केको | आंशिक रुपमा क्षति पुगेको | सुरक्षा निकायद्वारा मर्मत | कैफियत |
|---|---|---|---|---|---|
| १ | बागमती | २ | ५ | २ | राजदेवी नगरपालिका नजिको तटबन्ध |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | लाल बकैया | ७ | ५ | | |
| ३ | झांझ | | १ | | |
| ४ | अडुवा | | २ | | |
| जम्मा | | ९ | १३ | २ | |

## ५.४.६ अवरुद्ध बाटोको विवरण

| सि.नं. | स्थान | सडकको किसिम | | सडकको नाम | अवरोध भएको मिति र समय | अवरोध खुलेको मिति र समय |
|---|---|---|---|---|---|---|
| | | कच्ची | पक्की | | | |
| १ | दुर्गाभगवती गा.पा.२ | कच्ची ग्राभेल | | गंगापिपरा देखि पिपरारजवडा हुदै माधवपुर जाने बाटो | २०७६।०३।२८ राती २३:३० बजे | |
| २ | दुर्गा भगबती ४ | कच्ची ग्राभेल | | गंगापिपरा देखी छतौना जाने नहरको बाटो | २०७६।०३।२८ बेलुका १८:३० बजे | |
| २ | राजदेबि न.पा ६ | कच्वी ग्राभेल | | बागमती बाध | २०७६।०३।२८ बेलुका १८:३० बजे | |
| ४ | गौर न.पा २ | कच्ची बाँध | | नेपाल भारतको सिमानामाको बाध | २०७६।०३।३१ बिहान ०६:०० बजे | |
| ५ | बौधीमाई न.पा ३ | कच्ची सडक | | लौकाहा देखि ई.प्र.का.कोप्वा जानेबाटो | २०७६।०३।२८ बेलुका १८:३० बजे | |
| ६ | दुर्गा भगवती गा.पा.१ | कच्ची ग्राभेल | | पिपराबजारबाट पुर्व सर्लाही जानेबाटो | २०७६।०३।२८ दिउसो १२:३० बजे | |
| ७ | दुर्गा भगवती गा.पा.४ छतौना | कच्ची ग्राभेल | | शंकर मन्दिर अगाडीको बाटो | २०७६।०३।२८ दिउसो १२:३० बजे | |

**प्राकृतिक प्रकोप (२०७६ असार २५-२८ गते सम्मको अविरल वर्षा) को कारणले यस जिल्ला अन्तर्गत रहेका सडक तथा पुलमा भएङ्को क्षतिको विवरण**

| क्र.सं. | योजनाको नाम | क्षति भएको स्थान | क्षतिको किसिम | आपतकालिन कार्य गर्न लाग्ने लागत | क्षतिबाट विग्रिएको संरचना मर्मत संभार गर्न लाग्ने लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | रणनैतिक सडक | | | |
| १ | चन्द्रनिगाहपुर-गौर सडक रौतहट | चेनेज ३८+५०० सिसवामा | पिच आंशिक रुपले बगाएको | १० लाख | २५ लाख | पूर्ण संचालन |
| २ | | चेनेज ४०+०००, बसपार्कमा | बस पार्क क्षेत्रमा इइभर्सन बगाएको | ५ लाख | २० लाख | वन वे संचालन |
| ३ | पूर्व-पश्चिम राजमार्ग (बांके-धनसर सडक खण्ड) | चन्द्रनिगाहपुरचौक देखि करिब ३ कि.मी. पूर्वको कजवे (चेनेज ३२३+०००) | आंशिक रुपले सोल्जर भत्केको (राजमार्ग खण्डको ठाउँ ठाउँमा पोटहोल भएको) | - | - | पूर्ण संचालन |
| ४ | पूर्व-पश्चिम राजमार्ग (बांके-धनसर सडक खण्ड) | बाँके जंगलमा रहेको कजवे (चेनेज २८६+०००) | आंशिक रुपले सोल्जर भत्केको (राजमार्ग खण्डको ठाउँ ठाउँमा पोटहोल भएको) | - | - | पूर्ण संचालन |
| ५ | | चेनेज २८३+००० देखि ३३९+५०० सम्म र चन्द्रनिगाहपुर-गौर सडक चेनेज ०+००० देखि ४२+००० सम्म | राजमार्ग खण्डको ठाउँ ठाउँमा पोटहोल फर्मेसन भएको ठाउँ ठाउँमा सोल्जर बगाएको | - | २० लाख | |
| | | | तराई मधेश सडक पूर्वाधार विशेष कार्यक्रम | | | |
| ६ | गौर-पिपरा-समनपुर-सन्तपुर-नुनथर सडक, रौतहट | बृन्दावन न.पा. गढीमाई न.पा. र दुर्गाभगवती गा.पा. | १. पथरामा १० मी. बडहर्वामा १० मी. फुलवरियामा ३० मी. पुरै बगाएको तथा ठाउँ ठाउँमा सडक बगाएको<br>२. पथरा र बडहर्वाको बिचमा आधी पिच समेत करीब ३०० मी. सोल्जर बगाएको | ४० लाख | ८० लाख | यातायात संचालनमा अवरोध |
| ७ | पूर्व पश्चिम राजमार्गको चन्द्रनिगाहपुरचोक देखि गैडाटार हुदै धरान चतरा सडकको धियाल मकवानपुर | चन्द्रनिगाहपुर चोक देखि करिब ६०० मी. उत्तर | सडक बगाई कटान भएको | - | १ लाख | पूर्ण संचालन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जोडने सडक रौतहट | | | | | |
| ८ | हर्षाहा-छेटीचोक-भसेढवा-जंगलसैया-धन्सर सडक रौतहट | भसेढवा भन्दा उत्तर | ठाउँ ठाउँमा सडक क्षतिग्रस्त हुनुको साथै करिब १० मी. सडक बगाएको | १० लाख | २० लाख | - |
| ९ | सितलपुर-मलंगवा-खरियाटोल सडक, सर्लाही (हुलाकी खण्ड) | बलरा गौडैता कौडेना फुलपरासी सिमरा मलंगवा ब्रहम्पुरी संग्रामपुर जिंगडवाको विभिन्न चैनेज | ठाउँ ठाउँमा पूर्ण तथा आंशिक सडक बगाएको | ९० लाख | २०० लाख | यातायात पूर्ण/आंशिक रुपले अवरुद्ध |
| १० | सुकदेव चोक देखि पिपरा बजार सडक रौतहट | पिप्रा देखि पश्चिम गा.वि.स. वडा कार्यालय निर | आधा पिच समेत सोल्जर बगाएको | ५ लाख | १० लाख | आंशिक संचालन |
| १० | बालचनपुर जंगलसंया कोल्वी सडक रौतहट | विभिन्न जेनेज | ठाउँ ठाउँमा सडक क्षतिग्रस्त भई सडक बगाएको | ५ लाख | १० लाख | " |
| | | | पुल | | | |
| ११ | बकैया खोला पुल जयनगर-मौलापुर च्यूटाहा सडक देवाही पतौरा सडक रौतहट | पटेलचोक छितनीया टोल भन्दा पश्चिम | तटबन्ध तथा पुलको विङ वाल पूर्ण रुपले बगाएको | १० लाख | २०० लाख | आंशिक संचालन |
| १२ | लालबकैया पुल कटहरिया रौतहट | कटहरिया भन्दा पश्चिम | लालबकैया पुलको (कटहरिया) भन्दा एप्रोचमा अवस्थित विगतमा निर्माण भएङ्गा Salb Culvert समेत ७० मी. सडक पूर्ण रुपले बगाएको | ४० लाख | २५० लाख | " |
| १३ | लालबकैया पुल गर्जा रौतहट | जंगलसैया भन्दा पश्चिम (गर्जा) | पुलको पूर्वतीरको करिब २० मी. एप्रोच पूर्णरुपले बगाएको | १० लाख | २० लाख | " |
| १४ | ६ मी. स्पान स्ल्याब कल्भर्ट कटहरिया रौतहट | लालबकैया पुलको पूर्वपट्टी भएको एप्रोचमा | पूर्ण रुपले बगाएको | - | - | " |
| निर्माणाधिन पुल | | | | | | |
| १५ | पथरा खोला पुल गौर पिपरा समनपुर सडक रौतहट | पथरा | स्टिजङ्ग बगाएको | १० लाख | २० लाख | यातायात पूर्ण रुपले अवरुद्ध |
| १६ | भकुवा नदी पुल पथराबुधरामपुर रौतहट | दुवै एप्रोच | आंशिक रुपले बगाएको स्टेजिङ्ग सेट भएको | - | - | आंशिक संचालन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | कान्द्रेही खोला पुल राजपुर तुल्सी सडक रौतहट | राजपुर तुलसी | स्टेजिङ्ग बगाएको | - | - | " |
| १८ | चाँदी नदी पुल गैडाटार रौहतट | गैडाटार | सिमेन्ट करीब १५० बोरा सेट भएको | - | - | पूर्ण संचालन |
| १९ | लमहा नदी पुल सिम्राभवनीपुर-प्रतापपुर पल्टुवा सडक | प्रतापपुर पल्टुवा | सिमेन्ट करीब २००बोरा सेट भएको | - | - | आंशिक संचालन |
| २० | लमहा खोला पुल कोठियार ब्रम्हटोल रंगपुर | रंगपुर | सिमेन्ट करीब २००बोरा सेट भएको | - | - | " |
| २१ | लौकाहा नदी पुल सुकदेवचौक रौतहट | लौकाह | सिमेन्ट करीब २००बोरा सेट भएको | - | - | " |
| २२ | बकैया खोला पुल जनगर-मौलापुर | देवाही | भेन्टेड कजवेको दुवैतिरको सडक जाली विङ वाल आदी बगाएको | १० लाख | २० लाख | आंशिक संचालन |
| २३ | लालबकैया खोला पुल कटहरिया | कटहरिया भन्दा पश्चिम | भेन्टेड कजवेको दुवैतिरको सडक जाली विङ वाल आदी बगाएको | ४० लाख | २५० लाख | पैदल यात्रु मात्र संचालन |
| २४ | लालबकैया खोला पुल गर्जा | गर्जामा | आंशिक रुपले कजवेको दुवैतिर क्षतिग्रस्त भएको | १० लाख | २० लाख | " |
| | | | प्रादेशिक सडक | | | |
| २५ | गौर पिपरा समनपुर सन्तपुर सडक | बृन्दावन न.पा. गढीमाई न.पा. दुर्गाभगवती गा.पा. | १. पथरामा १० मी. बडहर्वामा १० मी. फुलवरियामा ३० मी. पुरै बगाएको तथा ठाउँ ठाउँमा सडक बगाएको<br>२. पथरा र बडहर्वाको बिचमा आधी पिच समेत करीब ३०० मी. सोल्जर बगाएको | ४० लाख | ८० लाख | यातायात संचालनमा अवरोध |
| २६ | निजगढ फास्ट ट्र्याक विजयपुर मेवा बंकुल गौर सडक | विजयपुर स्कुल देखि दक्षिण पटी दुधिअवा | ठाउँ ठाउँमा सडक सोल्जरमा क्षति भएको | - | - | यातायात संचालन |
| २७ | च्यूटाहा मौलापुर जयनगर सडक रौतहट | पटेलचोक छितनीया टोल भन्दा पश्चिम | " | - | - | |
| | | जयनगर र दट्टपही चौकको बीचमा | " | ५ लाख | १० लाख | यातायात संचालन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | अवरोध |
| | | सोनरनिया | करिब ४० मी. सडक बगाएको | १५ लाख | ३० लाख | " |
| २८ | बरहथवा समनपुर कटहरिया कलैया सडक रौतहट | गरुडा चौक देखि पूर्व कलाही गेट नजिक | ठाउँ ठाउँमा सडक सोल्जरमा क्षति भएको | २० लाख | ३० लाख | " |
| | | कटहरिया भन्दा पश्चिम | लालबकैया पुल भन्दा पूर्व एप्रोचमा अवस्थित विगतमा निर्माण भएका Slab Culvert समेत ७० मी. सडक पूर्ण रुपले बगाएको | ४० लाख | २५० लाख | आंशिक संचालन |
| | | गरुडाचोक देखि १ कि.मी. पूर्व | आधा पिच समेत सोलजर बगाएको | १० लाख | २० लाख | " |
| २९ | निजगढ पतौरा बंकुल गौर सडक | विभिन्न चेनेजमा | ठाउँ ठाउँमा सडक सोल्जरमा क्षति भएको | ५ लाख | - | " |
| ३० | मर्यादपुर अजगैवी बसन्तपट्टी सडक | मर्यादपुर अजगैवी | " | ५ लाख | - | " |
| ३१ | कटहरिया पोखरिया डोमरिया सडक | कटहरिया पोखरिया | दुई ठाउँमा करिब ३०-३० मी. सडक बगाएको | ५ लाख | ५ लाख | आंशिक संचालन |
| ३२ | जमुनिया कनकपुर सडक | महादेव स्थानतिर | करिब २० मी. सडक बगाएको | ५ लाख | ५ लाख | " |
| ३३ | बालचनपुर लक्ष्मिनिया लालबकैया कलैया सडक | गर्जामा | ठाउँ ठाउँमा सडक सोल्जरमा क्षति भएको | १० लाख | २० लाख | " |
| जम्मा | | | | ४५० लाख | १६१६ लाख | |

### ५.६.७ यस जिल्ला स्थित उद्योग व्यवसायमा भएको क्षतिको विवरण

मिति २०७६/०३/२८ गते आएको बाढीबाट यस जिल्लामा ७३ वटा उद्योग व्यवसायको अ. रु. १३१५००७७९।९७ बराबरको क्षति भएको।

## ६. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य संघ/संस्थाहरुवाट प्राप्त राहत रकम तथा राहत सामाग्री वितरण गरिएको विवरण

| सि.नं. | दाता | राहत रकम | राहत सामाग्री | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल सरकार | | ३००० त्रिपाल | प्रभावित न.पा./गा.पा.हरुमा वितरण गरिएको |
| २ | प्रदेश सरकार | १०,००,०००।- | | प्रभावित न.पा./गा.पा.हरुमा खाद्य तथा राहत वितरण गरिएको |
| ३ | महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय | २,००,०००।- | | " |
| ४ | आर.डी.सी. नेपाल | १,००,०००।- | | " |
| ५ | माण्डवी | ५०,०००।- | | " |
| **जम्मा** | | **१३,५०,०००।-** | | |

## ७. २०७५ श्रावण मसान्त देखि २०७६ अषाढ महिनासम्म विपद्वको घटनावाट क्षति भएकोलाई वितरण गरिएको राहतको विवरण

| सि.नं. | घटनाको विवरण | संख्या | मानवीय क्षति | उपलब्ध गराइएको राहत | कैफियत |
|---|---|---|---|---|---|
| १ | डुंगा दुर्घटना | १ | ५ | ५०००००।- | प्रतिव्यक्ति १ लाखको दरले |
| २ | आगलगी | ११५ | | ६८९०००।- | प्रति घर परिवार बढीमा १० हजारसम्म |
| ३ | बाढी | १ | २२ | १६०००००।- | १६ जनाले राहत रकम बुझाइसकिएको |
| ४ | चट्यांग | १ | १ | १०००००।- | |
| ५ | असिना तथा हावारीहुरी | २३ | १ | १ लाख मृत्कलाई र घर पूर्ण क्षतिलाई १० हजारको दरले ३ लाख | १ मृतक समेत |
| ६ | शितलहर | | | ०७५/७६ मा शितलहरवाट क्षति नभएको | |

## ७.१ बाढीवाट क्षति भएकाहरुलाई सरकारी, गैर सरकारी संस्थाहरुवाट वितरण भएको राहतको रकम विवरण

| सि.नं. | जिल्ला रौतहट | खाद्य राहत सामग्री | | | | | गैर खाद्य राहत सामग्रीको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गा.पा./न.पा. | दाल | चामल | चिउरा | दालमोठ | पानी | पाल, त्रिपाल | ब्लयाङ्केट | म्याट्रेस | कपडा सेट | भाँडाकुँडा सेट | नगद |
| १ | गौर न.पा. | ६८८२ | ३६५८० | | | ७० | २५६७ | ३९६ | १०५ | २५ | ७६७ | |
| २ | मौलापुर न.पा. | २१० | ८४५ | | | ३० | ५० | | | | | |
| ३ | देवाही गोनाही न.पा. | २३६३ | १८३०० | २५२० | ५० | ४० | १६५ | ११५ | | | | |
| ४ | राजपुर न.पा. | २०० | ६३० | ९७० | २५० | ६५ | १२८० | ६८५ | ६०० | | ९४१ | |
| ५ | राजदेवी न.पा. | ३०५० | २०७५० | ५५४ | १०२ | ८० | १८०३ | ९२४ | | | १२८९ | |
| ६ | इशनाथ न.पा. | ३००० | १८००० | | ८८ | ८० | ६०० | | ३०० | | १२०० | |
| ७ | गढीमाई न.पा. | २८५० | २०४०० | | ७५ | ५० | ७०० | ५०० | | १५० | ७५० | |
| ८ | बौधीमाई न.पा. | २०० | १५०० | २००० | | ३० | ५०० | | ५०० | | १५०० | |
| ९ | माधवनारायण न.पा. | १५० | ७५० | | १५ | ४० | ८२६ | ८७२ | ५० | ८२ | २३० | |
| १० | गुजरा न.पा. | ५० | ७५० | | | ४० | १०० | | १०० | | | |
| ११ | फतुवा विजयपुर न.पा. | ५९८ | १५७२५ | ७०० | ४० | ४५ | ४७९ | ३३० | ६५८ | | | |
| १२ | परोहा न.पा. | ५०३० | ३३१८० | | ७० | ६५ | ७४२ | ४२७ | ४८७ | | ९७४ | |
| १३ | चन्द्रपुर न.पा. | ५५ | ४३० | ३५ | | ४० | | | | | | |
| १४ | गरुडा न.पा. | १४५ | ४५० | १०० | ४० | ४० | ३०० | | | | | |
| १५ | बृन्दावन न.पा. | ४० | ३४५ | | | २० | १३० | ३९० | | | १३० | |
| १६ | कटहरिया न.पा. | ६६० | ४६२ | | ३० | ४० | २७ | | १८ | | | |
| १७ | यमुनामाई गा.पा. | ७८० | ७८०० | | | ५० | ३८० | | | | ७६० | |
| १८ | दुर्गा भगवती गा.पा. | २२०० | १३००० | | | ६० | १५०० | ३०० | १००० | | ८४८ | |
| | **जम्मा** | **२८४६३** | **१८९८९७** | **६८७९** | **७६०** | **८८५** | **१२१४९** | **४९३९** | **३८१८** | **२५७** | **९३८९** | **०** |

## ७.२ स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राप्त प्रतिवेदन अनुसार भएको राहत कार्य सम्बन्धीको विवरण

| सि.नं. | स्थानीय तह | विपद्को प्रकार | कोषमा रहेको रकम | खर्च रकम | उद्दार सामाग्रीको विवरण | तालिम प्राप्त जनशक्ति संख्या | राहत सामाग्री | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | दुर्गाभगवती गाउँपालिका | आगलगी, बाढी, हावाहुरी, असिनापानी, | प्राप्त नभएको | प्राप्त नभएको | | | बाढीको समयमा ३५०० घरपरिवारलाई खाद्यान वितरण गरेको | बाढीबाट मृत्यु भएको १ जना मृतकको परिवारलाई क्रियाखर्च वापत रु. २५०००।- वितरण |
| २ | मौलापुर नगरपालिका | " | प्राप्त नभएको | ११७५०००।- | | | | |
| ३ | इर्शनाथ नगरपालिका | " | प्राप्त नभएको | प्राप्त नभएको | | | बाढीको समयमा ६६० घरपरिवारलाई खाद्यान वितरण गरेको | |
| ४ | परोहा नगरपालिका | " | १००००००।- | १५५००००।- | | ३ जना | | |
| ५ | राजपुर नगरपालिका | " | प्राप्त नभएको | प्राप्त नभएको | | | | |
| ६ | गौर नगरपालिका | " | प्राप्त नभएको | ७२००००।- | | | | ६ जना मृतकलाई १ लाखको दरले र क्रिया खर्च वापत १५ हजारको दरले ८ जनालाई |
| ७ | राजदेवी नगरपालिका | " | ५३०००००।- | ५२४७३३९।४२ | मोटरबोट - १ लाइफ ज्याकेट - २०० | | | बाँध कटान रोकथामा खर्च भएको |

## ७.३ बाढीको समयमा सहयोग गर्ने सहयोगी संस्थाहरुको नामावली

| सि.नं. | सहयोग गर्ने निकाय, संस्था | वितरण गरेको स्थान | सि.नं. | सहयोग गर्ने निकाय, संस्था | वितरण गरेको स्थान |
|---|---|---|---|---|---|
| १ | नेपाल सरकार | विभिन्न गा.पा./न.पा. | १३ | आसमा नेपाल | राजपुर-९, दुर्गाभगवती |
| २ | प्रदेश नम्बर २ सरकार | विभिन्न गा.पा./न.पा. | १४ | एकल महिला संघ | गौर-९ |
| ३ | जिल्ला प्रशासन का. | विभिन्न गा.पा./न.पा. | १५ | World Vision | गढीमाई-३ |
| ४ | नेपाल रेडक्रस सोसाइटी | विभिन्न गा.पा./न.पा. | | | |
| ४ | UNICEF | गौर-५, दुर्गा भगवती-५ | १६ | KEYAR | दुर्गा भगवती-५ |
| ५ | OXFAM | ईशनाथ-१ | १७ | INF, Nepal | दुर्गा भगवती-५ |
| ६ | RDC Nepal | राजदेवी, इशनाथ | १८ | हिमाल मुटु काठमाडौं | ईशनाथ, राजदेवी, राजपुर, देवाही गोनाही |
| ७ | माण्डवी | माधवनारायण | १९ | ट्रान्सफर्म नेपाल लालबन्दी, सर्लाही | गुजरा, फतुवा विजयपुर, कटहरिया |
| ८ | CCDL | एमुनामाई-४ | २० | जनसेवा नेपाल चन्द्रपुर, रौतहट | गढीमाई |
| ९ | INF, Pokhara | दुर्गा भगवती-५ | २१ | असल छिमेकी नेपाल पोखरा | राजदेवी |
| १० | USEF | दुर्गा भगवती-५ | २२ | सामुदायिक वि. केन्द्र नेपाल मकवानपुर | परोहा, यमुनामाई |
| ११ | राष्ट्रिय आवास संघ नेपाल | परोहा-५ | २३ | सामुदायिक तथा ग्रामिण विकास समाज नुवाकोट | परोहा |
| १२ | ECDC | देवाही गोनाही | २४ | इन्टरनेशनल नेपाल फेलोशिप नेपाल | दुर्गाभगवती |

## ७.४ खोज तथा उद्धार, राहत वितरणमा परिचालित सुरक्षा कर्मचारीको विवरण ।

| सि.नं. | मिति | नेपाली सेना | नेपाल प्रहरी | सशस्त्र प्रहरी वल | जम्मा | कै. |
|---|---|---|---|---|---|---|
| १ | २०७६।३।२७ | २६० | ६७५ | २९० | १२९५ | |
| २ | २०७६।३।२८ | २६५ | ७२५ | ३०५ | १३८० | |
| ३ | २०७६।३।२९ | २६५ | ८१० | ३०५ | १३८० | |
| ४ | २०७६।३।३० | २६५ | ८१० | ३०५ | १३८० | |
| ५ | २०७६।३।३१ | २६५ | ८१० | ३०५ | ९७५ | |
| ६ | २०७६।४।१ | ३५ | ६५० | २९० | ९७५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | २०७६।४।२ | ३५ | ६५० | २९० | ९७५ | |
| ८ | २०७६।४।३ | ३५ | ६५० | २९० | ९७५ | |
| ९ | २०७६।४।४ | ३५ | ६५० | २९० | १२९५ | |
| जम्मा | | १२०० | ५७५५ | २३८० | ९३३५ | |

## ८. उद्धार सामग्रीको विवरण

### ८.१ जिल्ला आपतकालिन कार्य संचालन केन्द्र (DEOC) मा रहेको उद्धार सामग्री

| सि.नं. | विवरण | संख्या | सि.नं. | विवरण | संख्या |
|---|---|---|---|---|---|
| १ | बाल्टिन (फलाम) | १४ थान | १३ | रबर ट्युब | ३ थान |
| २ | स्टेचर | ८ थान | १४ | रेस्क्यु भेल | १५ थान |
| ३ | बेल्चा | ६ थान | १५ | गम बुट | ५ जोड |
| ४ | कैची | १० थान | १६ | पन्जा | ५ जोर |
| ५ | त्रिपाल | २१ थान | १७ | ब्लायन्केट | २८ थान |
| ६ | म्याट्रेस | २० थान | १८ | मेगाफोन | २ थान |
| ७ | मेटल ट्रंक | २ थान | १९ | फर्स्ट एड किट | ५ थान |
| ८ | हेल्मेट सेफ्टी | १५ थान | २० | रेन कोट | ८ थान |
| ९ | थ्रोव ब्याक | १० थान | २१ | हेड लाईट | ११ थान |
| १० | क्याप टोपी | १५ थान | २२ | इमर्जेन्सी टर्च | ८ थान |
| ११ | फायर इस्टिगुसर | २ थान | २३ | टर्च लाईट | ४ थान |
| १२ | बोल्ट कटर | ३ थान | | | |

### ८.२ नेपाली सेनासंग रहेको उद्धार सामग्री

| सि.नं. | विवरण | परिमाण | सि.नं. | विवरण | परिमाण |
|---|---|---|---|---|---|
| १ | क्लाइमिङ्ग रोप | २ | ३५ | प्याटन(बहना) | १० |
| २ | ऱ्यापलिङ्ग रोप | १ | ३६ | प्लाष्टिक हेलमेट | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | वाटर बुट | ४ | ३७ | छाला लेदर पञ्जा | ४ |
| ४ | फित्ता (टेप) | २ | ३८ | सेफ्टी भेष्ट | ११ |
| ५ | क्याराविना | १७ | ३९ | मेघा फोन | ४ |
| ६ | फूट पम्प | १ | ४० | रिफलेक्टर भेष्ट | २ |
| ७ | रवर ट्युव | २ | ४१ | OBM | १ |
| ८ | फिगर एट क्याराविना | १२ | ४२ | रबर बोट | १ |
| ९ | प्लाष्टिक हेलमेट | ११ | ४३ | रबर बोट फुट पम्प | १ |
| १० | स्ट्र्याप वेल्ट | २ | ४४ | रबर बोट २४ इन्च रिङ्ग | १ |
| ११ | टेप सिलिङ्ग | ७ | ४५ | प्याटन (बहना) | २ |
| १२ | प्रोसिक कर्ड | ४ | ४६ | रबर बोट ब्याटन | ४ |
| १३ | बाल्टिन | ६ | ४७ | रबर बोट फ्युल ट्याक्की | १ |
| १४ | पुल्ली | १ | ४८ | रबर बोट फ्लोर | ६ |
| १५ | लाइभ ज्याकेट | ५१ | ४९ | ठुलो बोट | १ |
| १६ | क्लाइमिङ्ग रोप | २ | ५० | ईलेक्ट्रिक पम्प | १ |
| १७ | फूट पम्प | १ | ५१ | रबर बोट फ्लोर | ४ |
| १८ | फिगर एटक्याराविना | १० | ५२ | कोरेसो | २ |
| १९ | क्याराविना | ६ | ५३ | आगो निभाउने टायर पाता | २ |
| २० | रवर ट्युव | १० | ५४ | छाला लेदर पञ्जा | १ |
| २१ | फष्ट एड किट व्याग | ५ | ५५ | पानी पम्प | १ |
| २२ | फष्ट एड किट व्याग ( सानो) | ५ | ५६ | रेन कोट | १ |
| २३ | रबर बोट | १ | ५७ | फायर ज्याकेट | ४ |
| २४ | मेघा फोन | २ | ५८ | फायर एक्टिङ्गगुईसर | २ |
| २५ | मेघा फोन व्याट्री | ८ | ५९ | ४के.जि.फायर एस्टिङ्ग गूईसर | ५ |
| २६ | प्याटन(बहना) | ११ | ६० | फुट पम्प | २ |
| २७ | प्लाष्टिक हेलमेट | ४ | ६१ | फायर बल्याङकेट | २ |
| २८ | प्लाष्टिक हेलमेट | | ६२ | पूल्ली | १ |
| २९ | OBM Boat | १ | ६३ | Rubber Boat | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | फूट पम्प | ३ | ६४ | क्याराविना | १० |
| ३१ | रवर वोट कि | १ | ६५ | बोलेन रोप | २०० |
| ३२ | स्केप लेडर | २ | | | |
| ३३ | टच लाईट (ठूलो) | ६ | | | |
| ३४ | ट्युव | २ | | | |

**८.३ सशस्त्र प्रहरी वल नेपाल ११ नं. गण रौतहटसंग रहेको उद्धार सामग्री**

| सि.नं. | विवरण | परिमाण |
|---|---|---|
| १ | लाईफ ज्याकेट | २२६ थान |
| २ | वाटर हेल्मेट | ६३ थान |
| ३ | गल | ९ थान |
| ४ | हुक | २ थान |
| ५ | गमबुट | ६ जोर |
| ६ | डोरी | १०० रोल |
| ७ | रबर वोट | १ थान |
| ८ | टुचन | १ थान |
| ९ | स्ट्रेचर | २ थान |
| १० | क्याराविना | २४ थान |
| ११ | थ्रो-ब्याग | १५ थान |
| १२ | पानी बुट | १८ थान |
| १३ | पन्जा | ६३ थान |
| १४ | मेघाफोन | १५ थान |
| १५ | त्रिपाल | ११ थान |
| १६ | पिक | १३ थान |
| १७ | साबेल | ३६ थान |
| १८ | ट्यूब | २० थान |
| १९ | फोरुवा | ९ थान |
| २० | बाल्टिन | २० थान |

| | | |
|---|---|---|
| २१ | फायर स्टिङगुईसर | ७ थान |
| २२ | न्यानसुट | ६५ थान |
| २३ | बन्चरो | ३ थान |
| २४ | करौती | ८ थान |
| २५ | गैची | ८ थान |
| २६ | छिनो | १ थान |
| २७ | ह्याक्सो ब्लेड | २ थान |
| २८ | हथौडा | ४ थान |
| २९ | रिङ्ग | २ थान |
| ३० | टेन्ट | १६ थान |

**८.४ नेपाल प्रहरी रौतहटसंग रहेको उद्धार सामग्री**

| सि.नं. | विवरण | परिमाण |
|---|---|---|
| १ | पिक | १९ |
| २ | वाटर लाइफ ज्याकेट | ७७ |
| ३ | सावेल | १० |
| ४ | हेड लाईट | १२ |
| ५ | बाल्टिन | २० |
| ६ | प्लास्टिक को सेफ्टी हेल्मेट | १२ |
| ७ | टेन्ट | २ |
| ८ | बन्चरो | १० |
| ९ | लाईलन को डोरी | १४ |
| १० | मुठा स्टेचर | ८ |
| ११ | मेगा फोन | २ |
| १२ | रिस्क्यु बेल्ट | २० |
| १३ | गल | २ |
| १४ | ट्युब | २० |
| १५ | फुट पम्प | १ |

**८.५ नेपाल रेडक्रस सोसाइटीसंग रहेको उद्धार सामग्री**

| सि.नं. | सामग्रीको विवरण | संख्या |
|---|---|---|
| १ | लाइफ ज्याकेट | २० थान |
| २ | हेल्मेट | २० थान |
| ३ | रबर बोट | १ थान |
| ४ | लाइफ रिंग गार्ड | ४ थान |
| ५ | फुट पम्प | १ थान |
| ६ | मस्क | २० थान |
| ७ | सेफ्टी बुट | २० थान |
| ८ | फस्टेड किट | ५ थान |
| ९ | स्टेचर | ५ थान |
| १० | बेल्चा | ५ थान |
| ११ | जनशक्ति | २० जना |

**८.६ यस जिल्लामा रहेको डुंगा तथा वारुणयन्त्रको विवरण**

| क्र.सं. | निकाय | डुंगा | दमकल | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | १ | | रबरबोट |
| २ | नेपाली सेना | ३ | | १ वटा मोटरबोट, २ रबरबोट |
| ३ | सशस्त्र प्रहरी वल नेपाल | २ | | रबरबोट |
| ४ | नेपाल प्रहरी | १ | | रबररोट |
| ५ | राजदेवी नगरपालिका | १ | | मोटरबोट |
| ६ | गौर नगरपालिका | | १ | चालु अवस्थामा |
| ७ | चन्द्रपुर नगरपालिका | | १ | चालु अवस्थामा |
| ८ | गरुडा नगरपालिका | | १ | बिग्रेको |

**९. विपद् व्यवस्थापन समिति रौतहटको कोषमा (आ.व. ०७५/०७६ सम्म) रहेको रकम :** १७,९२,०८,३४७।३२

## १०. जिल्लाबाट गरिएका प्रयासहरु

- दशगजा क्षेत्रमा भारतीय बाँधको कारण भएको डुबान र बाढीले दशगजा क्षेत्र तथा सिमा स्तम्भमा पुर्याएको क्षतिको अनुगमन गरी भारतीय समकक्षीसंग कुराकानी गरिएको ।
- यस जिल्लामा रहेको वागमती नदी र लालबकैया नदीको तटबन्ध अनुगमन गरी भत्केका बाँधको मर्मत पुर्ननिर्माण गर्न वागमती नदी र लालबकैया नदी नियन्त्रण आयोजना कार्यालय बारासंग समन्वय गरेको।
- तत्काल जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी विपद्संग विषयगत क्षेत्र तथा कार्यालयहरुलाई तत्काल उद्धार, राहत तथा क्षतिको विवरण संकलन गर्ने कार्यमा जुटन निर्देशन गरेको ।
- सम्बन्धित नगरपालिका र नदी नियन्त्रणको सहयोगमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी राजदेवी नगरपालिकाको कटरबन र ब्रहम्पुरीको बिचमा रहेको स्पर मर्मतका, गढी माई नगरपालिकाको लक्ष्मीपुरमा बागमती नदीको पश्चिमि तटबन्धको कटान रोक्न, बौधीमाई र परोहा नगरपालिकको सिमाना तेजापाकड स्थित लालबकैयाको पश्चिमि तटबन्ध र कटहरिया नगरपालिकाको बलुवामा लाबकैया नदिको पूर्वी तटबन्ध कटान रोक्नको लागि परिचालन गरिएको ।
- ईशनाथ नगरपिलकामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको संयुक्त रुपमा टोली खटाई प्राप्त नगदबाट खाद्य तथा गैर खाद्य सामग्री खरीद गरी विभिन्न गा.पा./न.पा.मा एकल वा संयुक्त रुपमा सहकार्य गरी राहत सामाग्री सहित २ वटा डुंगामा पठाइएको ।
- संचार माध्यम, माईकिंङद्वारा २७ गते एलर्ट गराईएको जसले गर्दा सदरमुकाम गौर लगायत यस जिल्लामा खासै मानवीय क्षति हुन नपाएको ।
- गौर जलमग्न हुँदै गर्दा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वलद्वारा रबरबोटबाट उद्धार सुरु गरेको
- तत्कालिन अवस्थामा निरन्तर रुपमा जिल्ला विपद व्यवस्थापन समितिको बैठक बसी उद्धार, राहत वितरणको समीक्षा गरी, व्यवस्थित गरेको ।
- प्रभावित क्षेत्रमा निरन्तर निरीक्षण गरिरहेको ।
- केन्द्रबाट आएका विभिन्न उच्चस्तरीय अनुगमन टोली समक्ष जिल्लाको डुबानका अवस्था खुलाई प्रस्तुतिकरण गरेको ।

## ११. बाढी लगायतका विपद्का समस्या सामधानको लागि सुझावः-

- बाँधको अबिलम्ब मर्मत तथा उचाई बढाउनु पर्ने ।
- राजपुर न.पा. २ फतुवा महेशपुरमा हाल रहेको पुलबाट पश्चिमतर्फ एउटा थप १०० मिटरको पुल निर्माण गरी पुल भन्दा दक्षिणपट्टीको पश्चिमि तटबन्धलाई हाल रहेको स्थानबाट करिब ३०० मिटर पश्चिम ५०० मिटरको लम्बाई सम्म सार्नु पर्ने ।

- पानी निकासको लागी ठाउँ-ठाउँमा लालबकैया र बागमती नदीको तटबन्धमा वैज्ञानिक sluice gate को निर्माण गर्नुपर्ने ।
- झाँझ नदीमा समेत गौर चन्द्रनिगाहपुर सडक खण्डको गरुडा नपामा पर्ने झाँझ पुल देखी बागमती नदी सम्म दुई तर्फी तटबन्ध बनाउनु पर्ने।
- जिल्लामा बनेका नयाँ सड्कमा प्राविधिक टोली खटाई पानी निकासको लागि उचित लम्बाईको पुलपुलेसा निर्माण गर्नुपर्ने ।
- भारतीय पक्षसंग माथिल्लो स्तरमा वार्ता गरी दशगजा क्षेत्रमा नजिक भारतीय बाँधमा रहेको sluice gate हरु बाढीको बेला खोल्न व्यवस्था मिलाउने ।साथै ईशनाथ न.पा. वडा नं. १, २ र ३ को दक्षिणपट्टी भारतीय पक्षले निर्माण गरेको बाँधमा आवश्यक संख्यामा sluice gate निर्माण गर्न लगाई ती sluice gate हरुलाई बाढीको समयमा खोल्ने समेत व्यवस्था मिलाउनु पर्ने ।
- लालबकैया नदीमा निर्माण हुने पुलको लम्बाई कम्तीमा २०० मिटर हुने र १०० मिटर लम्बाईको पुल भएको स्थानमा पुनः १०० मिटर लम्बाईको अर्को पुल थप गर्नुपर्ने ।
- केन्द्रीय निकायबाट EIA तथा IEE को प्रतिवेदन तयार भएपछि मात्रै स्थानीय तहले नदीबाट गिट्टी, बालुवा तथा ग्रेभल लागि ठेक्कापट्टा लगाउनु पर्ने ।
- गौरको वरिपरि रिंगबाधको निर्माण गर्नुपर्ने ।
- दश गजा क्षेत्रको भारतीय बाँधको मुनीबाट करीब ४/४.५ किमि लामो पक्की Under Ground Cannal बनाई बैरगनियाबाट सितामढी जानेबाटोको दक्षिणतर्फ निकास गर्ने ।यसबाट बाढीको समयमा गौर नगरपालिका लगायत आसपासका हाम्रो देशको भुभाग डुबानबाट जोगिने छ भने भारत तर्फका पनि बाँध कुन बेला फुट्छ भन्ने त्रसित हुने भारतीय जनता जोगिने छ ।
- घरमा रहेको अन्नबाली जोगाउनको लागि बाढी प्रभावित क्षेत्रको वडाहरुमा खाद्यान्न बैंकको अवधारणा ल्याई सोही नीति अनुरुप अन्नबाली भण्डारको लागि सामुदायिक भवनको निर्माण हुनुपर्ने ।
- भारतीय सीमा नजिक भारतीय पक्षले निर्माण गरेको बाँध बारे पुनरावलोकन एवं सहज पानीको निकास दिने विकल्प बारे कूटनीतिक पहल गरी पानी निकासको व्यवस्थापन गर्ने
- बागमती लालबकैया नदी नियन्त्रण आयोजना कार्यालय रौतहटमा राखिनु पर्ने,
- नदी किनारमा जोखिममा रहेका विपन्न बर्गका मानिसहरुलाई सामुहिक सुरक्षित वस्ती बसाउदा उपयुक्त हुने ।
- विना अध्ययन जथाभावी सडक बाटो बनाउने कार्यलाई नियन्त्रण गर्ने ।
- बाँधको अवस्था बारे विशेषज्ञ टोलीले निरीक्षण गरी जोखिमयुक्त स्थानको पहिचान गरी त्यसको सुधार र मर्मत लगायतका सुधारात्मक कार्य समयमै गर्ने ।
- बजार क्षेत्रमा ढल निकासको लागि अध्ययन गर्ने र सोही बमोजिम ढल निर्माण गर्ने ।
- बाढी, आगलगी र शितलहरबाट बच्न समय समयमा एफ.एम. तथा अन्य माध्यमवाट सचेत वा सम्बन्धी सन्देश प्रशारणको व्यवस्था ।
- सबै स्थानीय तहले कम्तीमा १/१ वटा वारुण यन्त्र खरिद गरी चालु अवस्थामा राख्नु पर्ने ।
- स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला र प्रदेश विपद् व्यवस्थापन समिति तथा केन्द्रको विपद् व्यवस्थापन सम्बन्धी अधिकार र भूमिका स्पष्ट गर्नुपर्ने ।

- स्थानीय विपद् व्यवस्थापन समितिलाई सूचना/तथ्यांक संकलन र राहत वितरणमा अनिवार्य गर्नुपर्ने ।
- एकद्वार नीतिको पालना कतिपय संघ संस्था र व्यक्तिबाट नभएकोले कडाइका साथ पालना गराउनु पर्ने ।
- तालीम प्राप्त जनशक्तिको व्यवस्था र टिकाउको प्रबन्ध गर्नुपर्ने ।

## बाढी पश्चात निरिक्षण गर्न आउनु भएका विभिन्न निकायका विशिष्ठ व्यक्तिहरु



पूर्व प्रधानमन्त्री तथा नेकपाका वरिष्ठ नेता माधव कुमार नेपाल, उपप्रधान तथा स्वास्थ्य मन्त्री उपेन्द्र यादव, गृह मन्त्री राम बहादुर थापा "बादल", लगायतका मन्त्री एवं मा.सांसदहरु समक्ष जिल्लाको स्थिति प्रस्तुत गर्दै ।



संघीय संसदका राज्य निर्देशक सिद्धान्त निति र दायित्व कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिका सभापति मा श्री निरा देवी जैरु लगायतका माननीयहरु जिल्लाको स्थिति बुझदै




मा. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थम माया थापा समक्ष जिल्लाको स्थिति प्रस्तुत गर्दै ।



संघीय सांसदहरु तथा राज्य व्यवस्था समितिका पदाधिकारीहरु राजेन्द्र महतो र रामसहाय प्रसाद यादव समक्ष जिल्लाको स्थिति प्रस्तुत गर्दै ।



राष्ट्रिय सभाका सम्मानीय अध्यक्ष श्री गणेश प्रसाद तिमल्सिनाज्यूबाट जिल्लाको बाढीग्रस्त स्थानको अवलोकन गर्दै

## तटबन्ध मर्मत तथा बढीबाट पीडितहरुको उद्दार र राहत बोकेका तस्वीर






राजदेवी स्थित बागमतीको तटबन्ध मर्मत गर्दै सुरक्षा कर्मी





ईशनाथ नगरपालिकाको बन्जरहा र औरैयाका बाढी पिडितहरुको लागि खाद्य एवंम गैर खाद्य सामाग्री लैजादै






बाढीग्रस्त इशनाथ नगरपालिकामा राहत पुऱ्याउदै सुरक्षाकर्मीहरु

## जलमग्न अवस्थामा गौरमा स्थानीयलाई सहयोग गर्दै सुरक्षाकर्मीहरु













## बाढी पश्चात निरिक्षण गर्दै सुरक्षा निकायका पदाधिकारीहरु








# बाढीबाट पीडितहरुलाई राहत वितरण गरिएको केही तस्वीर



प्रदेश मुख्यमन्त्री श्री लालबाबु राउत गद्दिज्यू बाढी पिडितलाई राहत वितरण गर्दै



प्रमुख जिल्ला अधिकारी किरण थापा बाढी पीडितलाई राहत वितरण गर्दै



गणपति सुजन शाक्य बाढी पीडितलाई राहत वितरण गर्दै



उप अनुसन्धान निर्देशक अभिनय कुमार सिंह बाढी पीडितलाई राहत वितरण गर्दै



प्रहरी उपरिक्षक भूपेन्द्र बहादुर खत्री र सशस्त्र प्रहरी उपरिक्षक कृष्ण ढकाल तथा दुर्गाभगवती गा.पा.का प्रमुख बाढी पीडितलाई राहत वितरण गर्दै



सुरक्षा निकायका पदाधिकारीहरु बाढी पीडितलाई राहत वितरण गर्दै

## बाढी पश्चात भारतीय पक्षबाट सीमा क्षेत्रको तटबन्ध मर्मत गर्दाको अनुगमन



सीमा स्तम्भ मासिने गरी तटबन्ध मर्मत गरी रहेको सूचना पश्चता भारतीय समकक्षीसंग कुरा गरी मर्मत कार्य रोकिएको ।



